निर्णयहरु :-

प्रस्ताव नं.१ उपर छलफल गर्दा यस औरही नगरपालिकाको आ.व. २०८१/०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल अनुसारको योजनाको लागत अनुमान गरि प्रचलित कानुन बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिल :-

| सि.न. | योजनाको नाम |
|---|---|
| १. | वडा नं.६ को जँघा खोला देखि रामपुकार भण्डारीको खेत हुदै उमेश यादवको खेत सम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| २. | वडा नं.६ को रामवीर यादवको घरदेखि अबिचन दासको घरसम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| ३. | वडा नं.६ को महिंदर दासको खेत देखि विक्रम दासको खेत सम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| ४. | वडा नं.६ को रामस्वरूप साहको घरदेखि संजय चौधरीको खेत सम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| ५. | वडा नं.२ फुलवरियाको रामजी महतोको खेतदेखि भिसबनी सम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| ६. | वडा नं.२ फुलवरियाको दुमुहानदेखि भिसबनी सम्म नयाँ कृषि सडक नयाँ कृषि सडक निर्माण गर्ने । |
| ७. | वडा नं.२ फुलवरियाको टेकबहादुर कार्कीको जग्गा देखि ब्रम्हस्थान जाने सडक सम्म नयाँ कृषि सडक निर्माण गर्ने । |
| ८. | वडा नं.१ को विनोद मण्डलको खेत देखि जगदीश साहको खेत हुदै उपेन्द्र साह ,केवालन साह ,दर्शो मण्डल महावीर मण्डल राम पुकार साह ,दिनेश साह राजाराम चौधरीको खेत सम्म नयाँ कृषि सडक निर्माण । |

प्रस्ताव नं.२ उपर छलफल गर्दा यस औरही नगरपालिकाको आ.व.२०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित शशर्त अनुदान तर्फको तथा नगरसभाबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सिप/क्षमता विकास र जिवन उपयोगी सिप तालिम शिर्षक अन्तर्गत डकर्मी **(Mason Training)** विषयमा तालिम संचालन गर्ने निर्णय गरियो साथै आ.व.२०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित शशर्त अनुदान तर्फको लघु उधम सम्बन्धि कार्यक्रम/तालिम प्रचलित कानुन बमोजिम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ उपर छलफल गर्दा औरही नगरपालिका अन्तर्गत नया निर्माण हुने वडा नं.०६ वडा कार्यलय भवन साबिक बैरिया गा.वि.स. भवन संचालन भएको भवन अवस्थित जग्गामा कम्तिमा २ कठ्ठा जग्गामा नया वडा कार्यलय निर्माण गर्न सम्बन्धित वडाको सिफारिस तथा नापी शाखाको प्रतिबेदन लिई हाललाई प्रचलित कानुन बमोजिम निर्माण प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो साथै उक्त जग्गा औरही नगरपालिकाको नाममा भोगाधिकारमा ल्याउन पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७ उपर छलफल गर्दा यस औरही नगरपालिकाको आ.व.२०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित शशर्त अनुदान तर्फको कार्यक्रममा माछा पकेट कार्यक्रम पालिका भित्रका माछा ब्यबसाय संग सम्बन्धित ब्यबसायीहरु संग समेत छलफल गरि तोकिएको कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ उपर छलफल गर्दा यस औरही नगरपालिकाको आ.व.२०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित शशर्त अनुदान तर्फको कार्यक्रममा स्वास्थ्य शाखा संग सम्बन्धि पोषण सम्बन्धि कार्यक्रम अगाढी बढाउने र सामुदाय्मा आधारित सर्भिलेन्स कार्यक्रम तोकिएको कार्यविधि अनुसार अगाडी निर्णय गरियो ।

प्रस्ताव नं.९ उपर छलफल तपशिलका बिबिध बिषयमा गर्दा तपशिल अनुसारको निर्णय गरियो ।

क) प्रधानमन्त्री क्रिकेट कपको लागि सम्बन्धित आयोजक पक्षलाई यस पालिका बाट रकम रु ५० हजार मात्र र पालिका बाट सहभागी हुने खेलाडी हरुलाई रकम रु १ लाखको क्रिकेट खेल सामग्रीको लागि उपयुक्त शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

ख) औरही पालिका वडा नं.३ मा २०८१ चैत्र महिनामा संचालन भएको यज्ञमा आयोजक पक्ष तथा सम्बन्धित वडा अध्यक्ष ज्यू हरु बाट समेत सिफारिस भई आएमा यज्ञमा प्रयोग हुने ब्यबस्थापनको लागि बढीमा रकम रु २ लाख बराबरको बिलको आधारमा सम्बन्धित आपूर्ति कर्तालाई उपयुक्त शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

ग) वडा नं.२ मा फुलबरिया जाने बाटो देखि उत्तर जंघा खोला सम्मको र वडा नं.१ राम एकवाल यादवको जग्गा देखि देवी स्थान सम्म बिगतमा कुलो रहेकोमा उक्त कुलोको हाल कुनै प्रयोजन नभएकोले उक्त स्थानमा सडक निर्माण गर्ने निर्णय गरियो ।